# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मर्स्याङ्गदी गाउँपालिका, लमजुङ्ग

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय
काठमाडौं

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
मर्स्याङ्गदी गाउँपालिका,
लमजुङ्ग ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९ च.नं.: १८८ मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
मर्स्याङ्गदी गाउँपालिका,
लमजुङ्ग ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले मर्स्याङ्गदी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. ६ करोड ४२ लाख ४८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ करोड २५ लाख ५८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५१ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु. ७६ लाख ९२ हजार र पेश्की बाँकी रु. ३ करोड ८८ लाख रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फर्छ्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २७ (सत्ताइस) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

**मर्स्याङ्गदी गाउँपालिका**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७६/७७**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, ५९७ वर्ग किलोमिटर क्षेत्रफल तथा १८७५९ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७६।०७७ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५२०४५५७९३.४६ | ४५८५१७४४१ | | ४५८५१७४४१ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४०९७२७५९६ | ३५७०१५०६५.३२ | ० | ३५७०१५०६५.३२ |
| ११००० कर | ११ | ८७४६०००० | ६०८१७४०८.९ | ० | ६०८१७४०८.९ |
| १३००० अनुदान | | २९८६०९००० | २७१५१९३०१.५९ | ० | २७१५१९३०१.५९ |
| संघीय सरकार | १२ | २७६६६९००० | २५३६०६९६२.५९ | ० | २५३६०६९६२.५९ |
| प्रदेश सरकार | १२ | २१९४०००० | १७९१२३३९ | ० | १७९१२३३९ |
| १४००० अन्य राजस्व | | २३६५८५९६ | २३७५३०५२ | ० | २३७५३०५२ |
| **ख. अन्य प्राप्ति** | | ११०७२८१९७.४६ | १०१५०२३७५.६८ | ० | १०१५०२३७५.६८ |
| वितरण गर्न बाकी राजस्व | | ० | २०० | ० | २०० |
| कोषहरु | | १५४१२१९७.४६ | १३५८२३००.४६ | ० | १३५८२३००.४६ |
| धरौटी | | ० | १२४६८५८.७६ | ० | १२४६८५८.७६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ९५३१६००० | ८६६७३०१६.४६ | ० | ८६६७३०१६.४६ |
| **भुक्तानी (ग+घ)** | | ५६२६४४८५५.४६ | ४७६७०५७५८.१९ | ० | ४७६७०५७५८.१९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४५१९१६६५८ | ३७९४१३११४.५३ | ० | ३७९४१३११४.५३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७५८६९६५८ | १५८६१९५०७.३२ | ० | १५८६१९५०७.३२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ६२७२४००० | ४९८२९६६१.०१ | ० | ४९८२९६६१.०१ |
| २५००० सहायता (Subsidy) | १८ | १९०८६००० | १७७५४२७८ | ० | १७७५४२७८ |
| २६००० अनुदान | १८ | ५३१६००० | ३००००० | ० | ३००००० |
| २७००० सामाजिक सुरक्षा | १८ | २०१५००० | १४७६४७१ | ० | १४७६४७१ |
| २८००० अन्य खर्च | १८ | १३००००० | ५२७७४० | ० | ५२७७४० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८५६०६००० | १५०९०५४५७.२ | ० | १५०९०५४५७.२ |
| घ. अन्य भुक्तानी | | ११०७२८१९७.४६ | ९७२९२६४३.६६ | ० | ९७२९२६४३.६६ |
| कोषहरु | | १५४१२१९७.४६ | १०१८६७०४ | ० | १०१८६७०४ |
| धरौटी | | ० | ४३४००० | ० | ४३४००० |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ९५३१६००० | ८६६७३०१६.४६ | ० | ८६६७३०१६.४६ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | ० | -१,०७६.८० | ० | -१,०७६.८० |
| ङ. यो वर्षको बचत (न्यून) | | -४२१८९०६२ | -१८१८८३१७.१९ | ० | -१८१८८३१७.१९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ० | २९४७३४१०.०८ | ० | २९४७३४१०.०८ |
| **वर्षान्तको बाकी रकम (ङ + च)** | | -४२१८९०६२ | **११२८५०९२.८९** | ० | **११२८५०९२.८९** |
| **बैंक तथा नगद बाकी** | २४ | | **१२४२५९८७.३३** | ० | **१२४२५९८७.३३** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१.</td><td>वित्तीय विवरण: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्
<ul>
<li>स्थानीय तहले संचितकोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छ ।</li>
<li>स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.१९,८९,२०५।२८ ले फरक देखिएको छ ।</li>
<li>लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।</li>
<li>स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र)को प्रयोग पूर्णरुपमा पालना गरेको छ ।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइयो ।</li>
</ul>
त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>बैंक हिसाब मिलान : स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिकरुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>आषाढ मसान्त बाँकी</th><th>बैंक बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>सञ्चितकोष</td><td>५०९८४७४.६५</td><td>७०३५४६८.९३</td><td>१९३६९९४.२८</td></tr>
<tr><td>२</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>३२०१३३५.४६</td><td>३१४९३०९.४६</td><td>५२०२६.००</td></tr>
<tr><td>३</td><td>धरौटी</td><td>८५२७४९.७६</td><td>८५२५६४.७६</td><td>१८५.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९१५२५५९.८७</td><td>११०३७३४३.१५</td><td>१९८९२०५.२८</td></tr>
</table></td><td></td></tr>
<tr><td>३.</td><td>सशर्त रकम फिर्ता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. ०७४।७५ च.नं.१०६४ मिति २०७५।०३।०३ को सशर्त अनुदान रकम फिर्ता सम्वन्धी विषयको</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतवाट प्राप्त भएको रकम २०७७ आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएको छ । पालिकाले रु.१९,०४,०३,३११। निकासा लिएकोमा रु.१७,७९,७९,५६२।५९ खर्च भई बाँकी रहेको रु.१,२४,२३,७४८।४१ रकम नेपाल सरकारको सर्व सञ्चितकोष दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>सशर्त</td><td>१८३००१५००।००</td><td>१७०,५७७,७५१.५९</td><td>१२,४२३,७४८.४१</td></tr>
<tr><td>समपूरक</td><td>१,४२९,२११.००</td><td>१,४२९,२११.००</td><td>-</td></tr>
<tr><td>विषेश</td><td>५,९७२,६००.००</td><td>५,९७२,६००.००</td><td>-</td></tr>
<tr><td>जम्मा</td><td>१९०,४०३,३११.००</td><td>१७७,९७९,५६२.५९</td><td>१२,४२३,७४८.४१</td></tr>
</table></td><td>१२४२३७४८.४१</td></tr>
<tr><td>४.</td><td>कार्यक्रम सञ्चालन नभएको : पालिका कार्यालयले राष्ट्रपति महिला उत्थान कार्यक्रम रु.१०,०००। सामाजिक विकास मन्त्रालय रु.५०,०००। निकासा लिएको पाइएन । समयमै निकासा लिई कार्यक्रम गर्नुपर्नेमा गरेको देखिएन । यसतर्फ नगरपालिकाको ध्यान जानु पर्दछ।</td><td></td></tr>
<tr><td>५.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशील वमोजिम रहेका छन् ।
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।</li>
<li>पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।</li>
<li>पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन ।</li>
<li>कार्यालयको श्रेस्ता र वैक वीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।</li>
<li>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जूमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाइएन ।</li>
<li>जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाइएन ।</li>
<li>मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।</li>
<li>कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।</li>
</ul></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • कुनै रकमको भुक्तानी दिँदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाइएन ।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाइयो ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई ***कार्य सम्पन्न प्रतिवेदन*** तयार गर्नु व्यवस्था रहेकोमा सो गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्नेमा ***गुणस्तर परीक्षण*** गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समिति मार्फत काम गर्दा ***नगद लागत सहभागिता*** जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा दिएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता ***हेभी मेशिनरी प्रयोग*** गर्न नमिल्नेमा पालिका | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले सिफारिश र सहमति वेगर डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरेको पाइएन ।<br>• **जटिल संरचना निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्नेमा पालिकाले आर.सि.सी.फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामिण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजूको लगत तयार गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवाप्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६. | **बजेट पेश, पारित र अख्तियारी :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री होमबहादुर विकले मिति २०७६।०३।०९ गते रु.४७ करोड १९ लाख ६२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।०९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७. | **अबण्डा बजेट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.४,००,००,०००। अबण्डा राखेको छ । उक्त अबण्डा रकम पूर्वाधार विकास सम्बन्धी फुटकर योजनामा नगर प्रमुखको तोकादेश गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ८. | **चौमासिक पूँजीगत खर्च :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |

*(रु.हजारमा)*

| क्र.सं. | बजेट उपशीर्षक | कूल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | मर्स्याङ्दी गाउँपालिका | १४०६६३ | ५०८३ | १३६२१ | १२१९५ | ६४४१३ |
| २ | सशर्त | ४२६९ | ० | २०१३ | २२५६ | २२५६ |
| ३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ५९७३ | ० | ० | ५९७३ | ५९७३ |
| | **जम्मा** | **१५०९०५** | **५०८३** | **१५६३४** | **१३०१४२** | **७२६४२** |

उपरोक्त विवरण अनुसार बिभिन्न व.उ.शी.नं. मा यस वर्ष रु. १५ करोड ०९ लाख ०५ हजार खर्च भएको मध्ये तेस्रो चौमासिकमा मात्र ८६.१५ प्रतिशत र आषाढमा ४८.१३ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर गर्ने स्थिति रहन्छ । तसर्थ आर्थिक वर्षको अन्ततिर मात्र अत्यधिक खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।

९. **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :** निकायको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पूरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पूरा भएका छैनन भनी विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र वजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन सम्बन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

१०. **योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ ।

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | १७ | ११३००१७ |
| २ | रु. एक लाख एकदेखि पाँच लाखसम्मका योजना | २३४ | ६७३२०२३१ |
| ३ | रु. ५ लाख देखि १० लाखसम्मका योजना | २४ | १८३५००२० |
| ४ | रु. दश लाख एक देखि ५० लाखसम्मका योजना | ९ | १३६००००९ |
| ५ | रु.५० लाख भन्दा माथिका योजनाहरु | ० | ० |
| | **जम्मा** | २८४ | १००४००२७७ |

११. **क्षेत्रगत बजेट र खर्च :** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३९०२५००० | २८९५९३७३.१९ | ७.६३% |
| सामाजिक क्षेत्र | १२८६५७००० | १०५३८५९५५.५३ | २७.७७% |
| पूर्वाधार विकास क्षेत्र | ११३१०८००० | ८८७७८९४४ | २३.३९% |
| वित्तीय व्यवस्थापन र सुशासन | ३३३३००० | ३०५५०६१ | ०.८०% |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १६७७९३६५८ | १५३२३३७८०.८१ | ४०.३८% |
| **जम्मा** | **४५१९१६६५८** | **३७९४१३११४.५०** | **१००%** |

| | | |
|---|---|---|
| १२. | **खर्च विश्लेषणः** पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु.३,९०,२१,८९०।२९ राजस्व बाँडफाँड रु.७,९३,५३,३५४।६० र अनुदानबाट रु.९,४९,६८,९५०। समेत रु.२१,३३,४४,१९४।८९ आम्दानी भएकोमा चालुतर्फ रु.६,९८,२८,३२१।७४ र पूँजीगततर्फ रु.१३,९२,३४,२३४।२० समेत रु.२०,९०,६२,५५५।९४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १८.६६ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.९७,३७,१००। खर्च भएको छ जुन आन्तरिक आयको २४.९५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३२.७३ प्रतिशत चालु र ६५.२६ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १३. | **सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष जन्म मृत्यु दर्ता ५३६ नाता प्रमाणित २४५ घरबाटो सिफारिश १२५ नागरिकता सिफारिश ४९७ अन्य ८४२ वटा दर्ता गरेको पाइयो । अन्यमा ८४२ वटा देखाइएकोमा अन्य कुन कुनमा हो भनी यकिन हुन सकिएन । पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिश सम्बन्धमा अभलेख राखेको छैन । पालिका ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| १४. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित १०४ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत सहित ११ पदहरु रिक्त रहेका छन् । स्थायी दरबन्दी पदपूर्ति नगरेकोले कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १५. | **कर्मचारी करार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ७५ जना सशर्तका अनुदानको बजेटबाट करार नियुक्ति गरी बर्षभरिमा रु.१,३४,९२,१६५। भुक्तानी गरेको नियम सम्मत देखिएन । | |

गाउँपालिका भित्रका करार कर्मचारीहरुको विवरणः

| क्र.स. | कर्मचारीको विवरण | तलव | पोषाक भत्ता | स्थानीय भत्ता | जम्मा | स्रोत | कर्मचारी सख्या |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय करार | ८५८९३०३ | २८०००० | १५४८० | ८८८४७८३ | आन्तरिक | ३२ |
| २ | स्वास्थ्य करार | ३०५२३८२ | १९००० | ० | ३०७१३८२ | सशर्त | ४७ |
| ३ | सहरी स्वास्थ्य करार | ० | ० | ० | ० | सशर्त | ० |
| ४ | मातृ तथा नवजात शिशु करार | १०६४००० | ० | | १०६४००० | सशर्त | ५ |
| ५ | कार्यालय सहयोगी स्वास्थ्यतर्फ | ० | ० | ० | ० | सशर्त | ० |
| ६ | एक गाउँ एक प्राविधिकतर्फ | ४७२००० | | | ४७२००० | सशर्त | ६ |
| | | | | जम्मा | १३४९२१६५ | | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १६. | **कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन। | |
| १७. | **आयोजना हस्तान्तरण :** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु.१०,०४,००,२७७। खर्च गरी २८४ बटा आयोजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जानसक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ । | |
| १८. | **लक्ष्य प्रगति :** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम २५ अनुसार बजेट तथा कार्यक्रम गर्ने प्रत्येक कार्यालयले अनुसूची २ को ढाँचामा चौमासिक प्रगति बिबरण तयार गर्नुपर्ने र नियम २६ बमोजिम तालुक निकायले त्यस्तो भौतिक तथा वित्तीय प्रगतिको समीक्षा गरी प्रगति कम हुनुका कारण पहिचान गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सो नियमावली बमोजिम लक्ष्य प्रगति बनाएको पाइएन । | |
| १९. | **कानून र सञ्चालन स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | १३ वटा ऐन, ५ वटा नियमावली, १४ कार्यविधि लगायत ३२ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३२ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| २०. | **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १२ र यो बर्ष थप भएको १२ गरी कूल २४ विवाद दर्ता भएकोमा ०७ वटा मात्र फछ्र्यौट भई १७ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २१. | **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा २०७६ असोजसम्म पदाधिकारी सुविधा शीर्षकमा रु.९३,३७,१००। खर्च गरेको देखिन्छ । | |
| २१.१. | **दोहोरो पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाउंसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ सम्मानित सर्वोच्च अदालतबाट खारेजी पश्चात पदाधिकारीहरुलाई विभिन्न मितिमा बैठक भत्ता, यातायात खर्च र संचार खर्च भुक्तानी गरिएको पाइयो । गण्डकी प्रदेश सरकारद्धारा २०७७ असार २६ गते गाउँसभा, नगरसभा, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन जारी गरेपश्चात उक्त ऐन बमोजिम सोही अवधिको समेत भौ.न.५६९, २०७७।०३।३१ बाट २०७६ कार्तिक देखि २०७७ असारसम्मको मासिक यातायात सुविधा तथा संचार सुविधा सहित पदाधिकारी सुविधा एकमुष्ठ भुक्तानी गरिएकोले दोहोरो भुक्तानी गरिएको पाइयो । संचार खर्च र यातायात खर्च दोहोरो भुक्तानी भएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु. | १०८५०० |

| भौ.न मिति | नाम | पद | संचार खर्च | यातायात खर्च | जम्मा |
|---|---|---|---|---|---|
| ४९.२०७६।०६।१६<br>३५२.२०७७।१।१० | अर्जुन गुरुङ्ग | अध्यक्ष | ११,५०० | - | ११५०० |
| ३१०.२०७६।१२।२ | होम बहादुर बि क | उपाध्यक्ष | ५००० | - | ५००० |
| | रुद्रमान गुरुङ्ग | वडा अध्यक्ष | ४००० | - | ४००० |
| | चेत ब. गुरुङ्ग | वडा अध्यक्ष | ४००० | - | ४००० |
| | प्रेम ब.बस्नेत | वडा अध्यक्ष | ४००० | - | ४००० |
| | सुमन गुरुङ्ग | वडा अध्यक्ष | ४००० | - | ४००० |
| | लेखमान गुरुङ्ग | वडा अध्यक्ष | ४००० | - | ४००० |
| | लिलाप्रसाद घले | वडा अध्यक्ष | ४००० | - | ४००० |
| | युवा घले | वडा अध्यक्ष | ४००० | - | ४००० |
| | हिरा देवी गुरुङ्ग | वडा अध्यक्ष | ४००० | - | ४००० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | नारायण ब. थापा | वडा अध्यक्ष | ४००० | - | ४००० |
| | कृष्ण ब. बि.क. | का.पा. सदस्य | ४००० | ८२५० | १२२५० |
| | पारकाशी गुरुङ्ग | का.पा. सदस्य | ४००० | ६७५० | १०७५० |
| | डिलमाया थापा | का.पा. सदस्य | ४००० | ८२५० | १२२५० |
| | चितरी तामाङ्ग | का.पा. सदस्य | ४००० | ६७५० | १०७५० |
| | अनिता बि.क. | का.पा. सदस्य | ४००० | ६००० | १०००० |
| | | | | **जम्मा** | **१०८५००** |

२२. **वैदेशिक भ्रमण** – दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाका उपाध्यक्ष श्री होमबहादुर वि.क. बैदेशिक भ्रमणमा रु.२,२८,२६१। खर्च गरेको छ । तर वैदेशिक भ्रमाणमा खटाउँदा नियम अनुसार नेपाल सरकारको स्वीकृत लिइएको देखिएन ।

२३. **डि.पि.आर.खर्च :-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| क सं | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | डादी उस्ता बराहपोखरी सडक डि.पि.आर. | जि.ई.सि. / सिभिल लिंक जे. भि. | ७९२,७३३ | ७९२,७३३ | १३२७२०४७९७ |
| २ | गा.पा .कार्यालयको भवनको डि.पि.आर. | हेडलाईट प्रा. लि. | १०००००० | ९९९,६८८ | ७१८७५४८२ |
| | | | **१,७९२,७३३** | **१७९२४२१** | **१३९९०८०२७९** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। *यो बर्ष डिपिआर मात्र गरी कार्य शुरु नभएको र आर्थिक बर्ष २०७७।७८ मा डादी उस्ता बराहपोखरी सडक निर्माण कार्य शुरु गरिएको कार्यालयले जनाएको छ ।*

२४. **सोझै खरिद :** सार्वजनिक खरिद नियामवली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक निकायले रु ५ लाखसम्मको मालसामान सोझै खरिद गर्नसक्ने र नियम ८४ बमोजिम रु ५ लाख भन्दा माथि रु २० लाखसम्मको खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सिलबन्दी दरभाउपत्रको आधारमा खरिद कार्य गर्न सकिनेमा पटक पटक टुक्रा टुक्रा गरी भुक्तानी गरेकोले खरिद कार्य मितव्ययी एवं प्रतिस्पर्धी नभएकोले नियमित नदेखिएको रु. — ६७११६३२

| भौ.नं मिति | फर्मको नाम | खरिद गरिएको सामग्री | रकम |
|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | ६.२०७६।०७।०१ | सिद्धी गणेश आर्युवेद सप्लायर्स | आर्युवेदिक औषधि | ३,९९,९५५ | |
| | १५.२०७६।०८।०६ | ड्रग ईन्टरनेसनल फार्मेसी | स्ट्रेचर खरिद | ३,७८,००० | |
| | ३.२०७६।०९।१८ | मेडिसिल्स ईन्टरनेसनल | स्यानिटरी प्याड खरिद | १,९८,७५५ | |
| | २९.२०७६।०९।२७ | के.डी ईन्टरप्राईजेज | कम्प्युटर खरिद | ८१,००० | |
| | ७१.२०७६।११।३० | विभिन्न सप्लायर्स | फर्निचर खरिद | २,३३,९३७ | |
| | ७४.२०७६।१२।०२ | शिखर ट्रेडिङ् हाउस | औषधी खरिद | ४,९९,९८९ | |
| | २१२.२०७७।०२।२० | सूर्या टुल्स एण्ड मेसिनरी | त्रिपाल खरिद | १,८०,८०० | |
| | २१३.२०७७।०२।२० | अल्पाईन भेट सेन्टर | सोलार टुकी खरिद | ९९,००० | |
| | २८८.२०७७।०३।०३ | लमजुङ्ग हार्डवेयर सेन्टर | पाईप र ग्याविन जाली | ४,९२,१५९ | |
| | ४२९.२०७७।०३।२८ | लक्ष्मी फर्निचर सेन्टर | फर्निचर खरिद | ४,०३,३४६ | |
| | ४३०.२०७७।०३।२८ | विभिन्न सप्लायर्स | आर्युवेद औषधि | ३,९९,९०० | |
| | ४४०.२०७७।०३।२९ | विभिन्न सप्लायर्स | सालार लाईट र त्रिपाल | १,०९,७८० | |
| | ४४१.२०७७।०३।२९ | शिखर ट्रेडिङ्ग हाउस | पशु औषधि | ९९,९९२ | |
| | ४८२.२०७७।०३।३१ | के डी ईन्टरप्राईजेज | कम्प्युटर | ४,३८,०३१ | |
| | १००.२०७६।०७।२५ | बेसीशहर ट्रेडर्स र विद्यार्थी पुस्तक पसल | मसलन्द सामग्री | १,४०,५१५ | |
| | १७५.२०७६।०९।१४ | रिद्धिसिद्धि मेडिकेट | औषधि | ४,६२,४१३ | |
| | १८८.२०७६।०९।२५ | पब्लिक छापाखाना तथा पब्लिक प्रिन्टर्स | मसलन्द सामग्री | १,५८,३२१ | |
| | १९४.२०७६।०९।२७ | के डी ईन्टरप्राईजेज | कम्प्युटर | १,६०,६६६ | |
| | २५३.२०७६।११।०२ | विभिन्न सप्लायर्स | थर्मस खरिद | ४,९९,९३१ | |
| | २९४.२०७६।११।३० | विभिन्न सप्लायर्स | मसलन्द सामग्री | २,५६,३२५ | |
| | ४०१.२०७७।०२।१५ | पद्यमि श्री मेडि सेल्स | औषधी खरिद | ४,९४,२८५ | |
| | ४६७.२०७७।०३।११ | पब्लिक छापाखाना | मसलन्द सामग्री | १,३६,१३१ | |
| | ४६६.२०७७।०३।१२ | ढोलमण्डली गार्मेन्ट उद्योग | रेनसुट र छाता | १,८०,८०० | |
| | ५२१.२०७७।०३।२६ | मोती कन्सट्रक्सन | पाईप | २,०७,५९२ | |
| | | | **जम्मा** | **६७,११,६२३** | |
| २५. | **आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.६,२७,०००। खर्च आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | | | | |
| २६. | **महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष विभिन्न धार्मिक ,सांस्कृतिक साहित्यिक, महोत्सव, दिवस सम्बन्धी रु.११,२८,६९७। खर्च गरेकोमा छन् । यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ। | | | | |
| २७. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले मर्स्याङ्गदी कृषि सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.५,००,०००। खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई | | | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २८. | **ईन्धन लगबुक :** कार्यालयले ईन्धन खर्च लेख्दा नियमानुसार सबारी लगबुक तयार गरी राख्नु पर्दछ । नगरपालिकाले यसबर्ष ईन्धनबापत खर्च लेख्दा स्पष्ट अभिलेख तथा लगवुक तयार नगरी केबल ईन्धन खरिदको बिलमात्र संलग्न गरी एकमुष्ठ रुपमा ईन्धन खर्च लेख्ने गरेको पाईयो । कार्यालयमा रहेका गाडी तथा मोटरसाईकल प्रयोगको मापदण्ड तयार नगरी खर्च लेखेको पाइयो । सबारी साधनलाई ईन्धन उपलब्ध गराउदा कोटा प्रणाली एवं लगबुक अनुसार उपलब्ध गराउनुपर्दछ । केही व्यहोराहरुः | |

| भौ.नं. मिति | भुक्तानी लिने व्यक्ति वा फर्म | रकम |
|---|---|---|
| १४.२०७६।०६।०१ | जय भद्रकाली आयल स्टोर्स | ४,४६,२८८ |
| ९०.२०७६।०७।२० | जय भद्रकाली आयल स्टोर्स | ३,२०,४०४ |
| १६८.२०७६।०९।०३ | जय भद्रकाली आयल स्टोर्स | १,४०,७१७ |
| २१९.२०७६।१०।१५ | जय भद्रकाली आयल स्टोर्स | २,४४,०५० |
| २२४.२०७६।१०।१९ | जय भद्रकाली आयल स्टोर्स | २,४४,०५० |
| ३०४.२०७६।११।३० | जय भद्रकाली आयल स्टोर्स | २,१४,४१० |
| ३९९.२०७७।०२।१४ | जय भद्रकाली आयल स्टोर्स | १,३९,०१९ |
| ५४५.२०७७।०३।३१ | जय भद्रकाली आयल स्टोर्स | २,८६,७७६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २९. | **खाना तथा विविध खर्च :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति सँख्या, कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम संचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । गाउँपालिकाले बिबिध बैठक तथा कार्यक्रम संचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर केबल बिल भरपाई मात्र संलग्न गरी निम्नानुसार विविध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी लेखेबाट बास्तबिकरुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । नियम तथा निर्देशिकाको परिपालना गरी खर्च लेख्न ध्यान पुर्याउनुपर्ने देखिन्छ । केही व्यहोराहरुः | |

| भौ.नं. मिति | खर्च विवरण | खर्च रकम |
|---|---|---|
| ६.२०७६।०६।०५ | मनाङ्ग होटल एण्ड लज विविध बिल | १,९२,०३५ |
| ५४.२०७६।०७।२७ | एभरेष्ट गेष्ट हाउस | ५५,००० |
| १२१.२०७६।०८।०३ | मनिस खाजा घर | ७२,५५५ |
| १३६.२०७६।०८।०८ | मनाङ्ग होटल एण्ड लज | ६३,३२५ |
| १४५.२०७६।०८।०९ | विभिन्न विल भर्पाई | ३९,९६० |
| १४६.२०७६।०८।१० | एस्तर होटल एण्ड रेस्टुरेन्ट | ३६,३९० |
| २०२.२०७६।१०।०२ | मनिष खाजा घर | ७७,७२५ |
